२०८१ सालको कार्यविधि नं. १५

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः ८ संख्याः १५ मितिः२०८१।०९।०९

## भाग- ३

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

### हेटौंडा उपमहानगरपालिका कोसेली घर सञ्चालन कार्यविधि, २०८१

**प्रस्तावनाः**

लघु उद्यमीहरुद्धारा उत्पादित वस्तुहरुको दिगो बजारीकरणले नै लघु उद्यमीहरुको स्थायित्व निर्धारण गर्दछ । यसका लागि गरिने विभिन्न क्रियाकलापहरु मध्ये कोसेली घरको स्थापना गरी लघु उद्यमीले उत्पादन गरेका उत्पादित वस्तुहरुको विक्रिवितरण गर्न सहज बनाउनु र उद्यमीहरुलाई आवश्यक पर्ने कच्चापदार्थ/ उपकरणहरु स्थानीय बजारमा सहज खरिदको वातावरण निर्माण गर्न वान्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ परिच्छेद १५ दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरि हेटौंडा उपमहानगरपालिकाले यो कार्यविधि जारि गरेको छ ।

**परिच्छेद-१**

**<u>प्रारम्भिक</u>**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “कोसेली घर स्थापना तथा सञ्चालन कार्यविधि २०८१” रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मितिवाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधमा-

हेटौंडा राजपत्र

(क) "कोसेली घर" भन्नाले उद्यमीले सञ्चालन गरेका उद्यम/उद्योगवाट उत्पादित वस्तु संकलन गरि विक्रि वितरण गर्ने कक्ष लाई सम्झनुपर्दछ । साथै सो शब्दले सौगात गृह वा मार्केट आउटलेट (Market outlet) लाई समेत जनाउनेछ ।

(ख) "बजारीकरण" भन्नाले उद्योगबाट हुने उत्पादनको मुल्य निर्धारण, प्रवर्धन तथा वितरण प्रणालीसँग सम्बन्धित विभिन्न क्रियाकलापहरु भन्ने सम्झनुपर्दछ ।

(ग) "लघु उद्यमी" भन्नाले नाफा कमाउने उद्देश्यले प्रचलित कानुन बमोजिम दर्ता गरि उद्योग व्यवसाय सञ्चालन गर्ने व्यक्ति वा समुह सम्झनुपर्दछ । यस कार्यविधिमा उद्यम वा उद्यमी मात्र उल्लेख भएको स्थानमा क्रमशः लघु उद्यम र लघु उद्यमी भन्ने सम्झनुपर्दछ।

(घ) "स्थानीय तह वा पालिका" भन्नाले हेटौंडा उपमहानगरपालिकालाई सम्झनुपर्दछ ।

(ङ) "प्रस्तावना पत्र" भन्नाले कोसेली घर स्थापना तथा सञ्चालनका लागि तोकिएको ढाँचामा तयार पारिएको निवेदनका साथमा पेश गरिएको कागजात समेतलाई सम्झनुपर्दछ ।

(च) "सम्भाव्यता अध्ययन" भन्नाले कोसेली घर स्थापना तथा सञ्चालनका लागि कति सम्भावना छ वा छैन भनी विभिन्न दृष्टिकोणबाट गरिएको समग्र अध्ययनलाई सम्झनुपर्दछ ।

(झ) "कार्यविधि" भन्नाले कोसेली घर सञ्चालन कार्यविधि, २०८१ भन्ने बुझ्नु पर्छ ।

## परिच्छेद-२

## कोसेली घर सञ्चालनको उद्देश्य र यसको संभाव्यता अध्ययन

**३. कोसेली  घर सञ्चालनको उद्देश्यः** कोसेली घर सञ्चालनको उद्देश्य देहायबमोजिम हुनेछन्-

(क) स्थानीय तह र जिल्लाभित्र उपलब्ध स्रोत साधनको उपयोग गरी स्थानीय श्रम र सीपको प्रयोगद्वारा उत्पादित वस्तु तथा सेवाको स्थानीय स्तर, राष्ट्रिय स्तर र अन्तराष्ट्रिय स्तरमा विक्रि वितरण गरी उद्यमीको आम्दानीसँगै जीवनस्तरमा सुधार ल्याउने।

(ख) उद्यमीहरुलाई आवश्यकपर्ने कच्चा पदार्थ र प्रविधि/मेसिन उपकरणहरु उपमहानगरपालिकाले नै सहज र सुलभ रुपमा उपलब्ध गराउन उपयुक्त वातावरण निर्माण गर्ने ।

(ग) स्थानीय साधन, स्रोत र सीपलाई परिचालन गरि रोजगारी र आय आर्जनमा सहयोग पुऱ्याउने।

(घ) स्थानीय उत्पादनलाई ईच्छुक ग्राहकहरु समक्ष सहज र सुलभ तरिकाले उपलब्ध गराउने।

**४. कोसेली घर सञ्चालनका लागि सम्भाव्यता अध्ययनः** पालिकाको कुन वडाको कुन बजार केन्द्रमा कोसेली घर स्थापना गर्न संभावना छ भनि अध्ययन गर्ने काम पालिकाको उद्यम हेर्ने महाशाखा/शाखा/ईकाइको हुनेछ । यसका लागि स्थान छनौट गर्दा ग्राहकको बढी आवत जावत हुने ठाँउ, उत्पादनको बढि उपभोग हुने र पालिका वा जिल्ला वाहिरका ग्राहकलाई पनि पायक पर्ने स्थान, यातायात, संचार, सुरक्षा लगायत भौतिक पुर्वाधार भएको स्थान, मालसामान ढुवानी गर्न सहज हुने स्थान र उत्पादित बस्तुको भण्डारण गरि राख्न सकिने स्थान आदि कुरालाई ध्यान दिई पालिकाको उद्यम विकास सहजकर्ता वा तोकिएको कर्मचारी सम्बन्धित ठाँउमा गई उद्यमीहरु, वडाध्यक्ष/वडा सदस्यहरु र समाजका बुद्धिजिविहरुसँग निम्न अनुसारका अर्ध संरचित प्रश्नहरुको माध्यमवाट आवश्यक सूचना संकलन गर्नु पर्छ।

(क) वडाको भेग/भुगोलमा बजारीकरण गर्नु पर्ने उत्पादनहरु के के छन्, कति मात्रामा उत्पादन हुन्छ र यसको हालको बजारीकरणको अवस्था कस्तो छ ? कुनै उत्पादनहरु पालिका वाहिर पनि विक्रि वितरण हुने गरेको छ या छैन ?

(ख) कुन कुन उत्पादनहरु स्थानीय बजारमा विक्रि हुन सक्दछन, कुन कुन उत्पादनहरु जिल्ला वाहिर पनि बजारीकरण गर्न सकिन्छ र कुन कुन उत्पादनहरुको वाह्य देशमा बजारीकरण गर्न सकिने संभावना छ ?

(ग) मुल्य अभिबृध्दि (Value add) गरि बजारीकरण गर्न संभावना भएका कुन कुन उत्पादनहरु छन् ?

(घ) पालिकाको आंशिक सहयोगमा कोसेली घर सञ्चालन गर्न ईच्छुक नाफामुलक कम्पनीहरु, सहकारीहरु र ईच्छुक उद्यमीहरु त्यस वडा/भेग/भुगोलमा के कति छन् ?

(ङ) स्थानीय लघुउद्यमीहरुलाई आवश्यक पर्ने कच्चा पदार्थ र मेसिन उपकरणहरु कहाँबाट खरिद गर्ने गरिन्छ ? के यस्ता सबै कच्चा पदार्थ र उपकरण एकै स्थानवाट किन्न सकिने पसल/घरको आवश्यकता छ ?

(च) कोसेली घर सञ्चालनका अवसर र चुनौतीहरु के के छन् ?

(छ) कोसेली घर स्थापना र सञ्चालनका लागि आर्थिक सहयोग गरि सहकार्यमा काम गर्न चाहने संभाव्य निकायहरु जस्तै वडा कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, प्रदेश सरकार अन्तर्गतका विभिन्न मन्त्रालयहरु, मेड्पा कार्यक्रम, अन्तराष्ट्रिय संघ वा संस्थाहरु ईत्यादि छन् ?

(ज) हाम्रो लागि तपाँईहरुको अरु केहि सुझाब छ कि ?

यसरी माथिका सम्भाव्य प्रश्नावलीको आधारमा संकलन गरिएको सूचनालाई अनुसूची-१ मा दिएको ढाँचामा सम्भाव्यता अध्यन प्रतिवेदन तयार गरिने छ । यस प्रतिवेदनमा कोसेली घर स्थापनाका लागि सम्भाव्य छ भनि सिफारिस भएको अवस्थामा मात्र यसको स्थापना सम्बन्धि प्रकृया अगाडि बढाईने छ ।

## परिच्छेद-३

## कोसेली घर सञ्चालन विधि, समिति गठन र सरोकारवालाहरुको भुमिका

**५. कोसेली घर सञ्चालनको विधिः** कोसेली घर सञ्चालनका लागि नगर प्रमुखको राय लिई कोसेली घर स्थापना तथा सञ्चालन समितिले गरेको निर्णय अनुसार निम्न विधि मध्ये कुनै एक विधि अबलम्बन गरि सञ्चालन गर्न सकिनेछ।

(क) निजि स्तरको कम्पनी वा सहकारी संस्थासँग सहकार्य / साझेदारी गरी सञ्चालन गरिने विधि ।

(ख) सम्बन्धित निकायमा दर्ता भएको उद्यमीसँग सहकार्य/साझेदारी गरि सञ्चालन गरिने विधि।

(ग) उपमहानगरपालिकाको उद्यम विकास शाखाबाट सञ्चालन विधि तयार गरी कार्यान्वयन गर्ने ।

**६. साझेदारीका लागि कम्पनी/सहकारी/उद्यमी छनौट प्रकृयाः** सम्भाव्यता अध्ययन पश्चात प्राप्त प्रतिवेदनबाट कोसेली घर स्थापना तथा सञ्चालनका लागि सम्भावना छ भनि सिफारिस भएमा खुला प्रतिस्पर्धाको माध्यमबाट कानुनमा व्यवस्था भए बमोजिम पारदर्शी तरिकाले साझेदार छनौटको प्रक्रिया अगाडि बढाइनेछ । यसका लागि निम्न प्रकृयाहरु अपनाईने छः

(क) अनुसूची-२ अनुसारको जिल्लास्तरको पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरि ईच्छुक कम्पनी वा सम्बन्धित निकायमा दर्ता भएका उद्यमीबाट प्रस्तावना आह्वान गरिने छ । यस्तो सूचनाको जानकारी पालिकाको वेभसाईटमा राखिने साथै सूचनापाटिमा समेत टाँस गरिने छ ।

(ख) सार्वजनिक सूचना प्रकाशन भएपछि सूचनामा तोकिएको समयभित्र योग्यता पुगेका ईच्छुक कम्पनी/सहकारी/उद्यमीले अनुसूची-३ अनुसारको ढाँचामा प्रस्तावनापत्र तयार गरी पेश गर्नु पर्नेछ।

(ग) अनुसूची-४ मा भएको व्यवस्था अनुसारका छनौटका आधारहरुमा आधारित भई प्रस्तावहरुलाई सूचनाको म्याद समाप्त भएको मितिले २ हप्ता भित्रमा मूल्याङ्कन गरिने छ ।

(घ) दफा ७ अनुसार गठन भएको कोसेली घर स्थापना तथा व्यवस्थापन समितिले छनौटको आधारमा प्रस्ताव पेश गर्ने कम्पनी/सहकारी/उद्यमीले पेश गरेको प्रस्तावको मूल्याङ्कन गरी छनौट कार्य गर्नेछ । यसरी छनौट भएको कम्पनी/सहकारी/उद्यमीसँग अनुसूची-५ अनुसारको ढाँचामा संझौता गरिनेछ । तोकिएको समयावधि भित्र कुनैपनि प्रस्ताव पेश हुन नआएमा पुन सूचाना गरिनेछ । एक वा दुई कम्पनी/सहकारी/उद्यमीहरुको मात्र प्रस्तावना प्राप्त हुन आएमा त्यस्तो प्रस्तावको मुल्याङ्कन गरि उपयुक्त लागेमा सम्झौता गर्ने वा पुनः सूचना प्रकाशन गरि प्रस्तावना माग गर्ने भन्ने विषय कोसेली घर स्थापना तथा सञ्चालन समितिको निर्णय बमोजिम हुनेछ ।

**७. कोसेली घर स्थापना तथा व्यवस्थापन समिति र प्रस्तवना पत्र छनौट समिति गठन प्रकृयाः**

(१) उपमहानगरपालिकाको प्रमुखको संयोजकत्वमा निम्नानुसारको कोसेली घर स्थापना तथा सञ्चालन समिति गठन हुनेछः

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| नगर उपप्रमुख | सहसंयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| आर्थिक विकास महाशाखा प्रमुख | सदस्य |
| कोसेली घर सञ्चालन हुने वडाका वडा अध्यक्ष | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| नगर प्रमुखले मनोनयन गरेको महिला उद्यमी १ जना | सदस्य |
| लघुउद्यमी संघको अध्यक्ष वा प्रतिनिधि | सदस्य |
| उद्योग हेर्ने शाखा प्रमुख | सदस्य सचिव |

८. **कोसेली घर स्थापना तथा व्यवस्थापन सम्बन्धि विभिन्न सरोकारवालाहरुको भुमिकाः**

**(१) मेड्पा कार्यक्रमका लागि पालिकामा गठान भएको उद्यम विकास समितिकोको भुमिकाः**

- उद्यम हेर्ने महाशाखा/शाखा/ईकाईलाई आगामी आर्थिक वर्षका लागि चालु आ.व.मा नै कोसेली घर स्थापनाका लागि सम्भाव्यता अध्ययन गर्न निर्देशन दिने र आवश्यक बजेटको व्यवस्था गर्ने।
- कोसेली घर स्थापनाका लागि संघीय मन्त्रालय, प्रदेश मन्त्रालय र विभन्न अन्तराष्ट्रिय संघसंस्थासँग आर्थिक तथा प्राविधिक सहायताका लागि समन्वय गर्ने।
- कोसेली घर स्थापना तथा सञ्चालन समितिलाई आवश्यक सल्लाह सुझाब दिने ।
- कुनै विषययमा द्वन्द वा असमझदारी उत्पन्न भएमा कोसेली घर स्थापना तथा सञ्चालन समितिलाई द्वन्द समाधानमा सहयोग गर्ने ।

**(२) प्रमुख प्रशासकिय अधिकृतको को भुमिकाः**

- कोसेली घर स्थापना तथा सञ्चालनका लागि प्राप्त प्रस्तावलाई स्विकृत वा अस्विकृत गर्ने ।
- पालिकाको सम्बन्धित महाशाखा/शाखाका कर्मचारीलाई आवश्यकता अनुसार निर्देशन दिने ।
- कोसेली घर अनुगमन गर्ने।
- कोसेली घर सञ्चालक कम्पनी/सहकारी/उद्यमीसँग संझौता गर्ने।

**(३) उद्यम हेर्ने महाशाखा/शाखा/ईकाई प्रमुखको भुमिकाः**

- कोसेली घर स्थापना तथा सञ्चालनका लागि सम्भाव्यता अध्यन गर्न कर्मचारी परिचालन गर्ने।
- कोसेली घर स्थापना तथा सञ्चालनका लागि प्रस्तावित वडाका वडाध्यक्षसँग आवश्यक समन्वय गर्ने।
- यस कार्यविधिले तोके अनुसारको प्रकृया पुऱ्याई कोसेली घर स्थापना तथा सञ्चालनका लगि उपयुक्त कम्पनी/सहकारी/उद्यमी छनौट सम्बन्धि कामको लागि कोसेली घर स्थापना तथा सञ्चालन समितिको सदस्य सचिवको भुमिका निर्वाह गर्ने ।
- साझेदारीका लागि छनौट भएका कम्पनी/सहकारी/उद्यमीलाई समयमै सहयोग उपलब्ध गराउने।

**(४) कोसेली घर स्थापना तथा सञ्चालन समितिको भुमिकाः**

- कोसेली घर स्थापना गर्ने क्रममा विभिन्न क्रियाकलापहरु सम्पन्न गर्न पालिकाको उद्योग हेर्ने महाशाखा/शाखा/ईकाइका कर्मचारीहरुलाई आवश्यक सहयोग गर्ने।
- पालिकाको उद्योग हेर्ने महाशाखा/शाखा/ईकाईको सहयोगमा साझेदारीका लागि उपयुक्त कम्पनी/सहकारी/उद्यमी छनौट गर्ने।
- स्थापना भई सञ्चालनमा आएका कोसेली घरको स्तरोन्नतीका लागि बजेटको व्यवस्था गर्न पहल गर्ने।
- कोसेली घर सञ्चालन गरिरहेका साझेदार कम्पनी/सहकारी/उद्यमीले वीचमा छाडेमा त्यसको पुनः सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाउने ।
- पालिकाको उद्योग हेर्ने महाशाखा/शाखा/ईकाईको सहयोगमा कोसेली घर स्थापनाका लागि सम्भाव्य स्थानहरुको पहिचान गर्ने गराउने।

**(५) जिल्ला लघुउद्यमी समूह संघको भुमिका**

- पालिका वा जिल्लामा के कस्ता उत्पादन हुन्छन् त्यसको जानकारी कोसेली घर सञ्चालकलाई दिने ।
- उद्यमीहरु र कोसेली घर सञ्चालक वीच समन्वय गराउन सहयोग गर्ने ।
- कोसेली घर सञ्चालक र उद्यमी वीच कुनै विषयमा मनमुटाव हुँदा समाधानका लागि पहल गर्ने।
- कोसेली घर स्थापना तथा सञ्चालन समितिलाई आवश्यक अन्य सहयोग गर्ने।

## परिच्छेद-४

## कोसेली घरमा विक्रि गरिने उत्पादन र बजारीकरण रणनीति

**९. कोसेली घरमा विक्रिका लागि राखिने सम्भाव्य उत्पादनहरुको विवरणः**

(१) कृषि उपजहरु जस्तै विउ विजन, दलहन, तेलहन, कोदो, मकै, फापर, गहूँ आदि ।

(२) घिउ, छुर्पि, मह, फलफुल जुस, जाम, छालाबाट बन्ने हस्त निर्मित वस्तुहरु, पाखि, काम्लो ईत्यादि ।

(३) प्राकृतिक रेसामा आधारित वस्तुहरु जस्तै नेपाली कागज र सोमा आधारित अन्य उत्पादन, अल्लो, जुट, वावियो, चोया आदिवाट तयार गरिएका स्थानीय उत्पादनहरु।

(४) तामा, पित्तल, ढलौट, कास जस्ता धातुवाट तयार गरिएका उपहार योग्य उत्पादनहरु।

(५) स्थानीय स्तरमा तयारी भएका खुकुरी, चुलेसी लगायतका अन्य फलामका कृषि औजारहरु र उपहारजन्य वस्तुहरु।

(६) काठ, बाँस, चट्टान आदिवाट तयार गरिएका कलात्मक वस्तु।

(७) हातले तयार गरिएका ढाका कपडाहरु र अन्य पोशाकहरु।

(८) स्थानीय क्षेत्रमा लघुउद्यमीहरुले तयार गरेका छिटो नविग्रने र बजारीकरण गर्न सहज हुने विविध उत्पादनहरु ।

(९) लघुउद्यमीहरुलाई आवश्यक पर्ने विभिन्न कच्चापदार्थ र मेशिन औजारहरु।

(१०) पालिकामा, जिल्लामा र जिल्ला भन्दा वाहिर उत्पादन भएका हस्तकलाका सामाग्रीहरु।

(११) स्थानीय सिप र कच्चा पदार्थवाट उत्पादित अन्य विविध सामाग्रि/उत्पादनहरु।

**१०. बजारीकरण रणनीतिः** स्थानीय उत्पादनहरुको बजार विस्तारका लागि यस पालिकाले विभिन्न रणनीतिहरु अबलम्बन गर्ने छ, जुन रणनीतिहरु कोसेली घर सञ्चालकले अपनाउनु पर्नेछ।

(१) गुणस्तरिय उत्पादनमा जोडदिने रणनीति ।

(२) सुफत मुल्यमा धेरै सामाग्रि विक्रि गर्ने रणनीति ।

(३) नगद कारोवारको माध्यमवाट उद्यमीलाई प्रोत्साहन गर्ने रणनीति।

(४) मुल्य अभिबृध्दि (value add) का लागि वस्तुको ब्रान्डिङ्ग, ग्रेडिङ्ग, प्याकेजिङ्ग, लेबलिङ्ग आदिमा जोड दिने रणनीति ।

(५) मेला प्रदर्शनी आयोजना र त्यसमा लघुउद्यमीको सहभागितामा जोड दिने रणनीति।

(६) उद्यमशिलता र बजारीकरण सम्बन्धी तालिम तथा परामर्स सेवा दिने रणनीति।

(७) उद्यमीको स्तरोन्नतिका लागि प्रत्येक वर्ष पालिकाले बजेटको व्यवस्था गर्ने रणनीति ।

(८) सम्बन्धित सरकारी, गैरसरकारी र निजी क्षेत्रसँग समन्वय र सहकार्यमा जोड दिने रणनीति।

(९) प्रचार प्रसारका लागि कोसेली घरको लोगो छपाई र विक्रि गरिने सामाग्रीमा यसको अनिवार्य प्रयोग गर्ने रणनीति ।

(१०) कोसेली घर र तहाँ उपलब्ध हुने उत्पादन वारे रेडियो, टि.भि., पत्रपत्रिका र सामजिक संजाल मार्फत विज्ञापन गर्ने रणनीति।

(११) कोसेली घर सञ्चालनका लागि प्रयाप्त संख्याका अनुभवि कर्मचारी परिचालन गर्ने रणनीति।

(१२) उद्यमीहरुसँग अन्तरक्रिया गर्ने रणनीति।

(१३) उद्यमीलाई उत्पादन बृद्धि र बजारीकरणका लागि बैंक वा कुनै वित्तीय संस्थासँग वित्तीय पहुँच बढाउन सहजीकरण गर्ने रणनीति।

(१४)ः नमुना उत्पादन छनौट गरी वाह्य बजारीकरणका लागि नमुना देखाउने र अर्डर लिने रणनीति।

## परिच्छेद-५

## विविध

**११. साझेदारी सम्बन्धी व्यवस्थाः** (१) पालिकाले कोसेली घर स्थापना वा सञ्चालन गर्दा नाफामुलक कम्पनी/ सहकारी/उद्यमीसँग साझेदारी गर्न सक्नेछ।

(२) साझेदारी गर्ने क्रममा पालिकावाट कोसेली घर सञ्चालकलाई आवश्यक पर्ने भौतिक सामाग्रीहरु जस्तैः फर्निचरहरु, साईनवोर्ड, टेलिफोन लाईन जडान, स्थानीय बजारीकरणलाई आवश्यक पर्ने यातायातको साधन, विज्ञापन खर्च, ईन्टरनेटको व्यवस्था, कम्प्युटरको व्यवस्था, सफ्टवेयरको निर्माण, क्षमता विकास तालिम, कोसेली घर सजावट ईत्यादि सहयोग उपलब्ध गराईनेछ । १ बर्षको अवधि सम्म उपलब्ध गराइएका भौतिक सामाग्रीहरु उपमहानगपालिकाको स्वामित्वको सम्पत्तिको रुपमा रहनेछ। कोसेली घर सञ्चालन भएको अवस्थामा सञ्चालनको १ वर्ष पछि पालिकाबाट उपलब्ध

गराइएका भौतिक सामाग्रीहरु सम्बन्धित साझेदार कम्पनी/सहकारी/उद्यमीलाई अनुदानको रुपमा हस्तान्तरण गर्न सकिनेछ ।

(३) कोसेली घर स्थापना तथा सञ्चालक समितिको निर्णयले पालिकाको बजेटको अवस्थालाई समेत ध्यान दिंदै उक्त कोसेली घरमा काम गर्ने बढिमा दुई जना कर्मचारीको पहिलो ६ महिनासम्म हुन आउने तलब तथा सुविधाको ५० प्रतिशतले हुन आउने रकम अनुदान स्वरुप सहयोग गर्न सकिने छ।

(४) कोसेलओ घर सञ्चालनको लागि आवश्यक पर्ने चालुपूँजि कम्पनी/सहकारी/उद्यमी आफैले व्यवस्था गर्नु पर्नेछ।

(५) कोसेली घरमा बिक्रीका लागि उद्यमीहरुसँग कोसेली घर सञ्चालक गर्ने कम्पनी/ सहकारी/उद्यमीले सामान खरिद गर्दा रु.५०,०००/- (अक्षरुपि पचास हजार) सम्मको खरिदमा नगद कारोवार गर्नु पर्नेछ। एकै पटक वा पटक पटक गरी एउटै उद्यमीसँग रु.५०,०००/- भन्दा बढिको सामान खरिद भएको अवस्थामा रु.५०,०००/- भन्दा बढि हुन आउने रकम कारोवार भएको एक महिना भित्र भुक्तानीको गरिसक्नु पर्नेछ । उक्त रकम एक महिना भित्रपनि भुक्तानी नभएमा कोसेली घर सञ्चालकले उद्यमीहरुलाई चलन चल्तिको व्याज रकम जोडी भुक्तानी दावी गर्न सक्नेछ । बिक्री प्रयोजनका लागि कोसेली घरमा राखिने बस्तुहरुको स्तरोन्नतिका लागि पालिकाले बजेटको व्यवस्था गरि उद्योग हेर्ने महाशाखा/शाखा/ईकाईबाट कार्यान्वयन गर्न सक्नेछ ।

(६) कोसेली घर सञ्चालक र त्यसमा काम गर्ने कर्मचारीको क्षमता अभिवृद्धिका लागि आवश्यकतानुसार उद्यमशिलता र बजारीकरण सम्बन्धि तालिमको व्यवस्था गर्न सकिने छ।

१२. **बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा उत्पन्न भएमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१३. **कार्यविधिको व्याख्याः** यस कार्यविधि कार्यान्वयनको शिलशिलामा कुनै द्विविधा भएमा सोको व्याख्या नगर कार्यपालिकाले गरे बमोजिम हुनेछ ।

१४. **प्रावधान बाझिएको हकमाः** (१) यस कार्यविधिमा उल्लेखित कुनै व्यवस्था प्रचलित कानूनमा भएको व्यवस्थासँग बाझिएमा त्यस्तो कानूनमा भएको व्यवस्थानै लागू हुनेछ।

(२) कार्यविधिमा उल्लेखित व्यवस्थासँग साविकमा भएका परीपत्रहरु बाझिन गएमा यस कार्यविधिको व्यवस्था नै लागू गर्नु पर्नेछ।

१५. **संशोधन र थपघट गर्न सकिनेः** हेटौंडा उपमहानगरपालिकाले यस कार्यविधिमा संशोधन, थपघट, परिमार्जन, हेरफेर एवम् खारेजी गर्न सक्नेछ।

१६. **कार्यविधिको पालना गर्नुपर्नेः** यस कार्यविधामा भएको व्यवस्थाहरुको पालना सम्बन्धित पक्षले गर्नु पर्नेछ।

**अनुसूची-१**
**(दफा ४ सँग सम्बन्धित)**
**सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गर्ने नमुना फाराम**

| **कोसेली घर स्थापना तथा सञ्चालनको सम्भाव्यता अध्ययन प्रतिवेदन<br>हेटौंडा उपमहानगरपालिका, मकवानपुर जिल्ला** |
|---|
| १. कार्यकारी सारांशः |
| २. सम्भाव्यता अध्ययन विधिः |
| ३. समस्या कथनः |
| ४. बजारीकरणका लागि स्थानीय उत्पादित वस्तुहरुको प्रकार र अनुमानित परिमाणः |
| ५. स्थानीय उत्पादित वस्तुहरुको हालको स्थानीय र वाह्य बजारीकरण अवस्थाः |
| ६. कोसेली घरको माध्यमबाट बजारीकरणको थप अवसरः |
| ७. कोसेली घर स्थापना गर्दा/गरि सकेपछि आईपर्न सक्ने अवसर र संभाव्य चुनौतीहरुः |
| ८. उत्पादनको गुणस्तर बृद्धि (Value Add) गरि बजारीकरण गर्न सकिने उत्पादनहरुः |
| ९. छिमेकओ पालिका/जिल्लाबाट ल्याएर विक्रिगर्न सकिने उत्पादनहरुको विवरणः |
| १०. स्थानीय उद्यमीहरुलाई विक्रि गर्न सकिने प्रविधि र कच्चा पदार्थको विवरणः |
| ११. कोसेली घरको व्यावसायिक योजनाबाट देखिएको मुनाफाको प्रतिशत (उद्यम विकास सहजकरताले तयार गर्नेः) |
| १२. कोसेली घर स्थापनाको लागि संभाव्य स्थान र विक्रि कक्षको व्यवस्थापन सम्बन्धि सुझावः |
| १३. संभाव्यता अध्ययनको समग्र निश्कर्ष सुझावहरुः |
| **अनुसूचीहरुः**<br>१.<br>२.<br>३. |
| **प्रतिवेदनको तयार गर्नेको नामः**<br>पदः<br>दस्तखतः<br>मितिः |

हेटौंडा राजपत्र

**अनुसूची-२**
**(दफा ६ सँग सम्बन्धित)**
**सार्वजनिक सूचनाको नमुना**

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश

**कोसेली घर स्थापना तथा सञ्चालन सम्बन्धी सूचना**
**प्रथम पटक प्रकाशित मितिः २०८..../...../......**

हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र रहेका उद्यमीबाट उत्पादित वस्तु स्थानीयस्तर, राष्ट्रियस्तर र अन्तर्राष्ट्रियस्तरमा विक्रि वितरण गरि उद्यमीको जीवनस्तरमा सुधार ल्याउनुको साथै उद्यमीहरुलाई आवश्यक पर्ने कच्चा पदार्थ र प्रविधि/मेसिन उपकरणहरु स्थानीयस्तरमा नै सहज र सुलभ रुपमा उपलब्ध गराउने उद्देश्यले चालू आर्थिक वर्षमा पालिकाको वडा नं. ............ को ................ मा कोसेली घर स्थापना गरि सञ्चान गर्ने कार्यक्रम भएकाले पालिकाको साझेदारीमा कोसेली घर सञ्चालन गर्न ईच्छुक कम्पनी, सहकारी संस्था र उद्यमीले यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आईपुग्ने गरी तपसिल बमोजिमका कागजात सहित निवेदनका साथ प्रस्ताव पेश गर्नु हुने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुको प्रमाणित प्रतिलिपि**

१. निवेदन,
२. अनुसूची-३ बमोजिमको प्रस्तावपत्र,
३. उद्यमीको हकमा नेपाली नागरिकता प्रमाणपत्र,
४. समूह भए सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, विधान, समूहको निर्णय स्थायी लेखा नम्बर (पान),
५. सहकारीको हकमा विनियम, दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (पान), सञ्चालक समितिको निर्णय, अधिकार प्रत्यायोजन गरेको पत्र,
६. कम्पनीको हकमा दर्ता प्रमाणपत्र, कम्पनीको प्रवन्धपत्र र नियमावली, स्थायी लेखा नम्बर (पान), निर्णय, अधिकार प्रत्यायोजन गरेको पत्र,
७. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

................................
प्रमुख प्रशासकीय अधिकृत

हेटौंडा राजपत्र

## अनुसूची-३
## (दफा ६ सँग सम्बन्धित)
## प्रस्तावपत्रको ढाँचा
## कोसेली घर स्थापना तथा सञ्चालनका लागि प्रस्तावना

१. प्रस्ताव पेश गर्ने प्रस्तावकको विवरणः

- कम्पनी/सहकारी/उद्यमीको पुरा नामः
- ठेगानाः
- फोन नं.
- ईमेलः
- प्रदेशः
- जिल्लाः
- पालिकाः

२. कम्पनी/सहकारी/उद्यमका उद्देश्यहरुः

(क)

(ख)

(ग)

(घ)

...................................................

३. कोसेली घर स्थापना/सञ्चालन गर्नुका उद्देश्यहरुः

(क)

(ख)

(ग)

(घ)

...................................................

४. कोसेली घर स्थापना गर्ने स्थानको पुरा ठेगानाः

५. कोसेली घर स्थापना गर्ने कम्पनी/सहकारी/उद्यमीको आफ्नै घर छ वा भाडामा लिने त्यसको विवरण (आफ्नै घर जग्गा भएमा त्यसको प्रमाण पेस गर्ने)

६. कोसेली घर सञ्चालनका लागि लगानी गर्ने चालु पुँजीको अवस्था र स्रोतः
(व्यावसायिक योजना तयार गरि पेस गर्ने)

७. कोसेली घर सञ्चालनको व्यावसायिक योजनाको अवस्था बारे छोटो व्याख्याः

स्थानीय राजपत्र

(व्यावसायिक योजना तयार गरि पेस गर्ने)

८. कम्पनी/सहकारी/उद्यमीको उद्यम सञ्चालन सम्बन्धि अनुभवः
(कति वर्षको अनुभव छ विस्तृत विवरण दिने र अनुभव खुल्ने कागजात यसै प्रस्तावनासँग संलग्न गर्ने)

९. कोसेली घरमा विक्रि वितरण गरिने प्रस्तावित उत्पादन/वस्तुहरुको विवरणः
(स्थानीय उत्पादन, बाह्य उत्पादन र उद्यमीका लागि विक्रि गरिने कच्चा पदार्थ र प्रविधिहरुको विवरण खुलाउने)

१०. स्थानीय उत्पादनको बजारीकरणका लागि अपनाईने रणनीतिहरु (तरिकाहरु)
(बुँदागत रुपमा स्पष्ट पार्ने)

११. कोसेली घर स्थापना तथा सञ्चालनका लागि पालिकासँग अपेक्षा गरिएको सहयोगः
(भौतिक सामाग्री, अनुदान रकम र क्षमता विकास सम्बन्धी सहयोग र यसको अनुमानित बजेट खुलाउने)

१२. यस प्रस्तावपत्रसँग संलग्न गरिएका अन्य कागजातहरुको विवरणः

| **क.सं.** | **कागजातको विवरण** | **छ (√ चिन्ह लगाउने)** | **छैन (√ चिन्ह लगाउने)** |
|---|---|---|---|
| १ | कम्पनी/सहकारी/उद्यमीको आफ्नै घर जग्गामा कोसेली घर सञ्चालन गर्ने भए त्यसको लालपुर्जा र घर सम्पन्नताको प्रमाणपत्र | | |
| २ | चालुपुँजी कति लगानी गर्ने भनी त्यसको श्रोत खुलेको कुनै कागजात | | |
| ३ | कोसेली घरको व्यावसायिक योजना | | |
| ४ | कम्पनी/सहकारी/उद्यमीको व्यवसाय वा उद्यम सञ्चालन सम्बन्धि अनुभव खुलेको कागजात | | |
| ५ | कम्पनी/सहकारी/उद्यमीको दर्ताको अवस्था खुलेको कागजात | | |
| ६ | प्रस्तावपत्र पेश गर्ने कम्पनी/सहकारी/उद्यमको विनियम/विधान | | |
| ७ | | | |
| ८ | | | |
| प्रस्ताव पेश गर्नेः | | संस्थाको छाप | |

## अनुसूची-४
## (दफा ६ सँग सम्बन्धित)
## साझेदार संस्था छनौटको आधारहरु
## कोसेली घरको प्रस्तावपत्र मुल्याङ्कन फारमको नमुना

| क्र.सं. | अध्ययनको आधार | पूर्णाङ्क | उत्तीर्णाङ्क | नम्वर दिने तरिका |
|---|---|---|---|---|
| १ | प्रस्ताव पेस गर्ने कम्पनी/सहकारी /उद्यमको नेतृत्व | १० | ३ | • महिलाले नेतृत्व गरेको भए १० अंक दिने,<br>• दलित वा जनजाति पुरुषले नेतृत्व गरेको भए ५ अंक दिने,<br>• यस बाहेक अन्य जुनसुकै लिङ्ग वा जात जातिले नेतृत्व गरेको भए ३ अंक दिने,<br>• यसवारे स्पष्ट नखुलेको भए ० अंक दिने । |
| २ | कम्पनी/सहकारी/उद्यमीले कोसेली घर सञ्चालन गर्ने प्रस्तावित घर जग्गाको स्वामित्व | १० | ३ | • घर सहितको जग्गा भएमा १० अंक दिने,<br>• जग्गा मात्र भएमा ५ अंक दिने,<br>• भाडामा सञ्चालन गर्ने भएमा ३ अंक दिने,<br>• प्रस्तावपत्रमा यसबारे स्पष्ट नखुलेको भए ० अंक दिने । |
| ३ | कोसेली घर सञ्चालन गर्ने कम्पनी/सहकारी/उद्यमीले चालु पुँजीको रुपमा लगानी गर्ने रकमको योजना (प्रस्तावनामा उल्लेखित रकम र श्रोत अनुसा) | ५ | ३ | • ५० लाख भन्दा बढि चालु पुँजी लगानी गर्ने योजना भएमा ५ अंक दिने,<br>• ३० लाख भन्दा बढि चालुपुँजी लगानी गर्ने भए ४ अंक दिने,<br>• ३० लाख वा सो भन्दा कम लगानी गर्ने भए ३ अंक दिने,<br>• कति चालुपुँजी लगानी गर्ने हो भन्ने नखुलेको अवस्थामा ० अंक दिने । |
| ४ | कोसेली घरको व्यावसायिक योजना | १० | ५ | • व्यावसायिक योजनाले कोसेली घर फाइदा जनक देखाएको अवस्थामा र प्रस्तावना चित्तबुझ्दो भएमा त्यसै अनुसार ६ देखि १० अंकसम्म दिने,<br>• व्यावसायिक योजना तयार भएको तर चित्तबुझ्दो छैन भन्ने लागेमा ५ अंक मात्र दिने,<br>• व्यावसायिक योजना पेश नगरेको भए ० अंक दिने । |
| ५ | कम्पनी/सहकारी/उद्यमीको दर्ताको अवस्था खुलेको कागजात | ५ | १ | • दर्ता भएको जति वर्ष पुरा भएको छ त्यति अंक दिने बढिमा ५ अंक,<br>• भरखरै दर्ता भएको तर १ वर्ष नपुगेको भएमा पनि १ वर्ष पुगे सरह १ अंक दिने । |
| ६ | प्रस्तावपत्र पेश गर्ने कम्पनी/सहकारी /उद्यमको विनियम/विधान | १० | १० | • विनियम वा विधान पेस गरेको भए १० अंक दिने,<br>• व्यक्तिगत उद्यम वा उद्योग दर्ता भएको भए त्यसको प्रमाण पेस गरेको अवस्थामा विनियम वा विधान पेस गरे सरह १० अंक दिने,<br>• अन्यथा ९ अंक दिने । |
| | जम्मा | ५० | २५ | |
| निष्कर्षः माथिको मूल्याङ्कनम कम्तिमा २५ अंक प्राप्त भएमा साझेदारीका लागि योग्यता पुगेको ठहरिने छ। | | | | |

## अनुसूची-५
## (दफा ६ सँग सम्बन्धित)
## सम्झौताको नमुना

**<u>कोसेली घर स्थापना तथा सञ्चालन सम्बन्धि भएको दुई पक्षीय सम्झौता</u>**

हेटौंडा उपमहानगरपालिका र कोसेली घर सञ्चालक कम्पनी/सहकारी/उद्यमी बीच यसै पालिकाको वडा नं. ....... को ............................. मा स्थानीय उत्पादित वस्तुको बजारीकरण गरि उद्यमीको जीवनस्तरमा सुधार ल्याउन र उद्यमीहरुलाई आवश्यक पर्ने कच्चा पदार्थ र प्रविधि/मेसिन औजारहरु स्थानीयस्तरमा नै सहज र सुलभ रुपमा उपलब्ध गराउने उद्देश्यले कोसेली घर स्थापना गरि दिगो व्यवस्थापन गर्ने सन्दर्भमा दुबै पक्षले तपसिल बमोजिमका सर्तहरु पालना गर्ने गरि यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौं/दियौं ।

**<u>तपसिल</u>**

(क) तोकिएको स्थानमा कोसेली घर स्थापनाको अनुसुचि-........ मा उल्लेख गरे बमोजिम रु. ................. बरावरको भौतिक सामाग्री निःशुल्क उपलब्ध गराउने छ । उक्त सम्पुर्ण भौतिक सामाग्रीहरु यो सम्झौता भएको मितिले ३६५ दिनसम्म यसै पालिकाको सम्पति हुने छ । यी भौतिक सामाग्रीहरु कोसेली घर राम्रोसँग सञ्चालन भएको अवस्थमा ३६५ दिन पछि सम्बन्धित कम्पनी/सहकारी/उद्यमीलाई नै हस्तान्तरण गर्न सकिनेछ ।

(ख) आवश्यकता अनुसार उद्यमीहरुलाई उत्पादित वस्तुहरुको गुणस्तर बृद्धि गर्ने कार्य जस्तैः ब्राण्डिङ्ग, ग्रेडिङ्ग, प्याकेजिङ्ग, लेवलिङ्ग र आवश्यक थप प्रविधि उपलब्ध गराउन पालिकाले सहयोग गर्न सक्नेछ ।

(ग) कोसेली घर सञ्चालक र कोसेली घरका कर्मचारीहरुलाई उद्यमशिलता विकास तालिम उपलब्ध गराईने छ।

(घ) आगामी आर्थिक वर्षहरुमा पनि आवश्यकता अनुसार कोसेली घरको स्तरोन्नतिका लागि बजेट विनियोजन गर्न सकिने छ ।

(ङ) कोसेली घर सञ्चालनका लागि आवश्यक सम्पुर्ण चालु पुँजि सञ्चालक आफैले व्यवस्था गर्नु पर्नेछ।

(च) कोसेली घर सञ्चालकले उद्यमीसँग उत्पादनहरु खरिद गर्नुपर्दा रु.५०,०००/- (पचास हजार लाख) सम्म नगद कारोवार गरेको हुनु पर्नेछ। एउटै उद्यमीसँग पाचास हजार भन्दा बढिको समान किन्नु पर्दा पचास हजार भन्दा बढि हुन आउने रकमलाई उधारो गर्न सकिने छ। उधारो खरिद गरि १ महिनासम्म भुक्तानी हुन नसकेमा कोसेली घर सञ्चालकले उद्यमीलाई चलन चल्तिको दरमा ब्याज तिर्नु पर्नेछ।

(छ) उद्यमी घर सञ्चालकले आम्दानी खर्च झल्कने त्रैमासिक प्रतिवेदन पालिकाको उद्यम हेर्ने महाशाखा/शाखा/ईकाइमा पेस गर्नु पर्नेछ।

(ज) कोसेली घर सञ्चालकले नियमित सामाग्री आपुर्ति गर्ने उद्यमीसँग लिखित संझौता गरेको हुनु पर्नेछ।

(झ) कोसेली घर सञ्चालकले स्थानीय उत्पादित वस्तु विक्रि वितरण र उद्यमीलाई विक्रि गरिने कच्चा पदार्थ वा उपकरणमा १५ प्रतिशत सम्म मुनाफा राखि कारोवार गर्न सकिने छ।

(ञ) कोसेली घर सञ्चालन सम्बन्धि कुनै विषयमा छलफल गर्नु परेमा प्रमुख प्रशासकिय अधिकृत वा उद्यम हेर्ने महाशाखा/शाखा/ ईकाइ प्रमुखसँग सम्पर्क गर्नु पर्ने छ।

(ट) कोसेली घर सार्वजनिक विदा वाहेक विहान ७ बजे देखि वेलुका ७ बजे सम्म खुला राख्नु पर्नेछ।

हामी दुबै पक्ष माथिका सबै सर्तहरु सहमत भई हस्ताक्षर गरिएको छ। ।

| **पालिकाको तर्फबाट** | **कोसेली घर सञ्चालकको तर्फबाट** |
|---|---|
| नामः<br>पदः<br>दस्तखतः<br>मितिः<br>छापः | नामः<br>पदः<br>दस्तखतः<br>मितिः<br>छापः |

**साक्षीहरुः**

| | |
|---|---|
| नामः<br>पदः<br>दस्तखतः<br>मितिः | नामः<br>पदः<br>दस्तखतः<br>मितिः |

**आज्ञाले**
**सूर्य प्रसाद गौतम**
**प्रमुख प्रशासकीय अधिकृत**

हेटौंडा राजपत्र